

# २ प्रारम्भिक करार

***यस अध्यायको मूल पदहरू*** उत्पत्ति ९:१५, यशैया ५४:९, उत्पत्ति १२:१-३, गलाती ३:६-९, २९, प्रस्थान ६:१-८ र यर्मिया ३१:३४।

***यस अध्यायको मूल सार पद:*** **"५ अब यदि तिमीहरूले मेरा कुरा वा वचन साँच्चै नै सुन्यौ र मेरो करार पालन गऱ्यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो विशिष्ट बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि**
**६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" (प्रस्थान १९:५,६)।**

अघिल्लो अध्यायमा हामीले हाम्रा प्रथम् पूर्खा आदम र हव्वाको पापले गर्दा सारा मानव जाति पतन भएको भनेर हामीले चर्चा गऱ्यौं। यस अध्यायमा हामीले यसलाई पूरै अध्ययन पुस्तकलाई संक्षिप्तमा हेर्नेछौं। प्रत्येक बुंदामा हामीले सुरुका कराहरूको बारेमा हेर्नेछौं। ती सबैमा आआफ्नै तरिकाले सत्य वा सक्कल करारको बर्तमान वा समयसापेक्षित सत्यलाई प्रकट गरिएको थियो। तिनीहरू सक्कल करारको नक्कल थिए। येशूको रगतले कलभरीको क्रुसमा असली, सक्कल सत्य करारलाई अनुमोदन गर्नुभएको थियो। त्यही सक्कल, असली, समयसापेक्षित सत्य करारमा हामी येशूभक्तहरू येशूको साथमा पस्निएका हुन्छौं।

जलप्रलयअघि मानव जातिको पापले गर्दा यस संसारको बिनाश हुनुभन्दा अघि नोहा र उनका परिवारलाई सुरक्षित राख्न परमेश्वरले नोहासँग करार बाँध्नुभएको थियो। यस अध्यायको सुरु यसैबाट हुनेछ। त्यसपछि परमेश्वरले अब्राहमसँग बाँध्नुभएको करारतिर बढ्दछौं। त्यस करार हाम्रो सबैको निम्ति सानदार, बहुमूल्य र प्रतिज्ञाहरूले भरिएको थियो। अनि सिनै पहाडमा बाँधिएको करारमा अघि बढ्नेछौं, त्यहाँ घोषणा गरिएको करारको

उल्लेखनीयता र सान्दर्भिकताको बारेमा हामी हेर्नेछौं। अन्तमा आएर हामीले नयाँ करारलाई नियाल्नेछौं जसलाई सबै करारहरूले औंल्याएका थिए। बाँकि सबै अध्यायहरूमा ती करारका विषयबस्तुहरूलाई अझ गहिरो तरिकाले हेर्नेछौं। यस अध्यायमा हामी केवल छवास्समात्र नियाल्नेछौं।

**यस अध्यायको झलकः करार वा परमेश्वर र मानिसहरूको बीचमा बाँधिएको सम्झौता, समझदारी वा मिलापत्र भनेको के हो? के के तत्वहरू मिलेर करार बनिन्छ? परमेश्वरले नोहासँग के करार बाँध्नुभएको थियो? अब्राहमसँग गरिएको करारमा के आशा पाइएको छ? विश्वास वा आस्था र मानिसको सक्रियताले मानव पक्षको करारले के भूमिका खेल्दछ? के करार भनेको केवल औपचारिकरूपमा कारोबार गरेर थन्क्याउनेमात्र हो कि वा यसमा सक्रिय सम्बधात्मक पक्ष पनि छ वा मानिस र परमेश्वर बीचको सम्बन्धलाई क्रियाशील पनि बनाउँछ? नयाँ करारको मूल सारतत्व के हो?**

## १. करारको आधारभूत पक्षहरू

**"१ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिँड्, र निर्दोष भएर बस्। २ मेरो र तिम्रो बीचमा म आफ्नो करार पक्का गर्नेछु, र म तिम्रो अत्यन्तै वृद्धि गराउनेछु।" (उत्पत्ति १७:१,२)।**

"हिब्रू भाषाको करार वा सम्झौताको शब्दलाई बेरिथ *berith भन्दछ* (यो शब्द पुरानो करारको पुस्तकमा २८७पल्ट देखा परेको पाइन्छ)। यसलाई विभिन्न शब्दहरू प्रयोग गरेर अनुवाद गर्न सकिन्छ जस्तै इच्छापत्र, विधान, सम्झौता, समझदारीपत्र, तमसुक आदि। यो शब्दको सुरु कसरी भयो त्यो स्पष्ट छैन। तर दुई समूहको बीचमा एक हुने सहमती हो। यस सहमतिले एक आपसमा नैतिकरूपमा बाँध्दछ। विभिन्न प्रकारका सम्बन्धलाई बाँध्न यो शब्द प्रयोग गरिएको छ। मानिस र मानिसको बीचमा र मानिस र परमेश्वरको बीचमा भएको सम्झौता वा मिलापत्रलाई जनाउन पनि यही शब्द प्रयोग गरिएको हुन्छ। करार भन्ने शब्द विशेष गरेर दुई मानिसहरूको समूहमा प्रयोग गरिएको छ। त्यो शब्द धार्मिक प्रयोजनको निम्ति बाइबलमा प्रयोग गरिएको छ, विशेष गरेर परमेश्वर र मानिसको बीचमा भएको सहमतिलाई जनाउँछ। तर धार्मिक प्रयोजनमा साधारणतया मानिसहरूलाई बुझाउन यो शब्द केवल प्रतिकको रूपमामात्रै प्रयोग गरिन्छ किनभने यसको अर्थ धेरै गहिरो छ।"-जे.

अर्थर थम्पसन, "कभनान्ट (ओटी)," द इन्टरनेशनल स्टान्डर्ड बाइबल इन्साइक्लोपिडिया, रिभाइज्द इडिशन (ग्रान्ड रापिडस, मिशिगन, विलियम, १९७९), ठेली १, पृ. ७९०बाट रूपान्तरित।

जसरी बिवाहमा श्रीमान र श्रीमतीको बीचमा करार, मन्जुरी वा सहमतिमा हस्ताक्षर गरिन्छ त्यसरी नै बाइबलमा करारलाई सम्बन्ध बाँधिने सहमति भनेर परिभाषित गरेको छ। सहमति, सम्झौता वा बाइबलमा भएको करारमा यी तीन आधारभूत तत्वहरू भएको पाइन्छः

१. प्रतिज्ञाका करारहरूलाई परमेश्वर आफैले सपथ वा बाचा बाँधेर अनुमोदन गर्नुभएको थियो (गलाती ३:१६, हिब्रू ६:१३,१७)।
२. परमेश्वरसँग करार बाँध्दा उहाँको इच्छालाई मान्ने वा शिरोपर गर्ने जिम्मेवारी वा मन्जुरी दिएको हुन्छ। उहाँको त्यो इच्छालाई दश आज्ञाहरूमा व्यक्त गरिएको छ ("उहाँले आफ्नो करार, आफ्ना दश आज्ञा तिमीहरूले पालन गर्न भनी दिनुभयो, र उहाँले दुई वटा शिला-पाटीमा ती लेखिदिनुभयो" व्यवस्था ४:१३)।
३. परमेश्वरको करारको जिम्मेवारी वा अभिभारा अन्तमा आएर येशू ख्रीष्ट र मुक्तिको योजनामार्फत पूरा भएको थियो (यशैया ४२:१-६ " १ मेरो चुनिएका जन, जसमा म प्रसन्न हुन्छु। तिनमा म मेरो आत्मा राखिदिनेछु। तिनले जाति-जातिहरूमा न्याय ल्याउनेछन्। २ तिनी चिच्च्याउनेछैनन्, वा कराउनेछैनन् अथवा तिनले आफ्नो सोर सड़कमा सुनाउनेछैनन्। ३ फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्। तिनले विश्वस्ततामा न्याय गर्नेछन्। ४ जबसम्म तिनले पृथ्वीमा इन्साफ स्थापित गरिसक्दैनन् तबसम्म न त तिनी दुर्बल हुनेछन्, न निरुत्साहित हुनेछन्। तिनको व्यवस्थामा टापूहरूले आफ्नो आशा राख्नेछन्।" ५ परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ– आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने, अनि पृथ्वी र त्यसबाट उत्पन्न हुने सबैलाई फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई सास अनि त्यसमा हिंड्डुल गर्नेहरूलाई आत्मा दिनुहुनेः ६ "म, परमप्रभुले तिमीलाई मेरो धार्मिकताअनुसार बोलाएको छु। म तिम्रो हात समात्नेछु, र तिम्रो रक्षा गर्नेछु। तिमीलाई नै म जाति-जातिहरूका निम्ति करार र अन्यजातिहरूका निम्ति ज्योति बनाउनेछु")।

**माथिका तीन तत्वहरू हेर्नुहोस्ः परमेश्वरका प्रतिज्ञाहरू, हाम्रो आज्ञाकारिता वा उहाँको वचन पालन गर्ने प्रतिवद्धता र मुक्तिको योजना। तपाईंको आफ्नै जीवनमा जब तपाईं परमेश्वरसँग हिँडिरहनुहुन्छ तब ती तत्वहरूले काम गरिरहेको कसरी महसुस गर्नुभएको छ? यस बारे ध्यान गर्नुहोस्।**

पौराणिक इस्राएलीहरूलाई विभिन्न किसिमको पशु बलिका विधिहरू दिइएको थियो। ती सबै विधिहरू मुक्तिको योजनाको प्रतिक वा नक्कल थियो। जब अब्राहम, याकूब, इसहाक आदि पूर्खाहरू र इस्राएलीहरूले प्रतिकको रूपमा दिइएका पशु बलिहरू दिए तब तिनीहरूले आउनेवाला मुक्तिदातामाथि विश्वास गर्नुपर्ने सिकेका थिए। ती विधिहरूद्वारा पापले दुःखित भएका मानिसहरूले पापको क्षमा र दोषबाट मुक्त भएको महसुस गर्न सक्थ्यो। ती विधिहरूद्वारा करारको आशिष मानिसहरूमा कायम भइरहनुसक्थ्यो। विश्वासीहरूको जीवनमा परमेश्वरको स्वरूपलाई पुनर्स्थापना गर्न सक्थ्यो। मानिसहरूले पापले गर्दा आफ्नो तर्फबाट सिद्ध हुन असफल भएतापनि ती विधिहरूलाई आत्मसात् गरेर परमेश्वरसँगको सम्बन्ध निरन्तररूपमा उचाली राख्न सक्थ्यो।

**करार, सम्झौता, मञ्जुरनामा, सहमति आदि मानिस र मानिसको बीचमा भएतापनि हिब्रू बाइबलमा उल्लेख गरिएको बेरिथ berith भन्ने शब्द विशेष गरेर परमेश्वर र मानव जातको बीचमा गरिने कारोबारलाई जनाउँछ। परमेश्वर को हुनुहुन्छ र उहाँको दाँजोमा हामी को हौ भन्ने कुरालाई मध्यनजर राखेर परमेश्वरसँग गरिने करारले सम्बन्धको बारेमा कस्तो चित्रण गर्दछ?**

## २. जल प्रलय हुनुभन्दा अघि नोहासँग परमेश्वरले गर्नुभएको करार

**"तर तिमीसँग चाहिँ म आफ्नो करार स्थापित गर्नेछु। तिमी तिम्रा छोराहरू, तिम्री पत्नी र तिम्रा बुहारीहरूसमेत जहाजमा आउनेछौ"** (उत्पत्ति ६:१८ रूपान्तरित)।

करार वा परमेश्वर र मानिसको बीचमा गरिएको सम्झौता भन्ने शब्द सबभन्दा पहिलो पल्ट माथिको पदले देखाउँछ। यो करार त्यस सन्दर्भमा

परमेश्वरले नोहासँग गर्नुभएको थियो जब कि यस पृथ्वीमा भएका दुष्ट र पाप फैलाउने सबै मानव प्राणीलाई नाश गर्ने निर्णय उहाँले गर्नुभएको थियो। यस बिनाशले विश्वव्यापी जलप्रलय त हुनेछ तर आफूले सृष्टि गरेको पृथ्वीलाई उहाँले त्याग्नु नभएको प्रष्ट पारिएको छ। मानिसको पहिलो पतन भएपछि परमेश्वरले बाँध्नुभएको करारको सम्बन्धलाई निरन्तरता दिन नोहासँग यो करार बाँध्नुभएको थियो। नोहाको सुरक्षाको निम्ति नै इश्वरीय "म" आफैले कदम चालेर उनीसँग करार बाँध्नुभएको थियो। आफ्नो वाचा वा करारलाई पालन गर्नुहुने परमेश्वरले ती पारिवारिक सदस्यहरूलाई **सुरक्षा दिन** उहाँले प्रतिज्ञा दिनुभएको थियो जसले उहाँसँग सम्बन्ध राख्न आफूहरूलाई समर्पण गर्दछन् जसको फलस्वरूप तिनीहरू परमेश्वरको आज्ञा मान्ने हुन जान्छन्।

**के नोहासँग गरिएको करार केवल एक पक्षियमात्र थियो र? करार भन्ने शब्दले नै एक जना भन्दा बढिसँग गरिने सम्झौतालाई देखाउने कुरोलाई सम्झिनुहोस्। परमेश्वरले बाँध्नुभएको करारमा त्यसलाई थामि राख्न के नोहाको जिम्मेवारी थियो त? ती प्रश्नहरूको जवाफबाट हामीले के पाठ सिक्न सक्छौं?**

यस पृथ्वीमा जलप्रलय हुनेछ र पूरै पृथ्वी ध्वस्त हुनेछ भनेर परमेश्वरले नोहालाई भन्नुभएको थियो। तर परमेश्वरले नोहासँग कारोबार गर्न चाहनुहुन्छ अर्थात् त्यस जलप्रलयमा नोहालाई सामेल गर्न चाहनुहुन्छ। त्यस कारोबारमा परमेश्वरले नोहा र उनका परिवारलाई बचाउने वा सुरक्षादिने वचन दिनुहुन्छ। त्यस करारको कार्यान्वयनमा उच्च जोखिमता थियो किनभने परमेश्वरले आफ्नोतर्फबाट करारलाई थाम्नुभएनभने नोहाले जे गरेतापनि यस पृथ्वीको बिनाशसँग उनी पनि बिनाश हुनेथियो।

नोहासँग करार बाँध्नेछु भनेर परमेश्वरले भन्नुभएको थियो। त्यो शब्द आफैले देखाउँछ कि परमेश्वरको नियतलाई उहाँले भन्नुभएकै अनुसार नै सम्मान गर्नुहुनेछ। अर्थात् उहाँले जे भन्नुभएको थियो सो उहाँले गर्नुहुनेछ। यो कुनै हावादारी वा अचानक सन्किभएर दिएको वचन थिएन। शब्द आफैमा प्रतिवद्धताले भरिएको छ। मानौं परमेश्वरले नोहालाई यसो भन्नेभयो रे, "नोहा, मैले त यस पृथ्वीलाई नराम्रोसँग पानी पठाएर नाश गर्नेछु। तिमीलाई मैले बचाउन पनि सक्छु नबचाउन पनि सक्छु। तिमीले यो गर त्यो गर, अनि के हुन्छ हेरौं। मैले तिमीलाई उद्धार गर्छु नै भन्ने ग्यारेन्टी वा वचन दिन सक्दिँन।" यस्ता खालका मर्महरू करारमा आउँदैन जहाँ परमेश्वरको आश्वासन र प्रतिज्ञा करार शब्दमा नै पाइन्छ।

नोहाको जलप्रलय विश्वव्यापी होइन केवल स्थानीय स्तरमामात्र हो भनेर कतिले वादविवाद गर्छन्। यदि यो हो भने देहायको वचनलाई के भन्ने? "११ म तिमीहरूसित मेरो यो करार स्थापित गर्दछु, कि सबै प्राणी फेरि कहिल्यै प्रलयको पानीले नष्ट हुनेछैनन्,अनि पृथ्वीलाई सर्वनाश गर्न फेरि कहिल्यै जलप्रलय हुनेछैन।" १२ अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" यस वचनलाई अगमवक्ता यशैयाको पुस्तकमा पनि यसरी लेखिएको छ, ""यो त मेरो निम्ति नोआको पालोका दिनहरूजस्तै छ, किनकि जसरी मैले नोआको समयमा शपथ खाएको थिएँ, कि म जलप्रलयको पानीले पृथ्वीलाई फेरि डुबाउनेछैनँ, त्यसरी नै अबदेखि तिमीमाथि म रिस गर्नेछैनँ, म तिमीलाई कहिल्यै हप्काउनेछैनँ भनी मैले शपथ खाएको छु" (यशैया ५४:९)। प्रत्येक पल्ट बाढिपहिरो जान्छ जुन् निरन्तररूपमा भइरहेको पाउँछौं त्यसबेला परमेश्वरले बाँध्नुभएको करारलाई हामीले कसरी हेर्ने यदि विश्वब्यापी जलप्रलय पछि परमेश्वरले बाँध्नुभएको करारलाई केवल स्थानीय जलप्रलयमात्र हो भनेर विश्वास गरियो भने? परमेश्वरको करार भङ्ग भइएन त? तर त्यसको बिपरित यस संसारमा विभिन्न ठाउँहरूमा वर्षेनी बाढी आउँदा केवल स्थानीय स्तरमामात्र सिमित भएको र विश्वव्यापी नभएकोले परमेश्वरले बाँध्नुभएको करार कतिको पक्का रहेछ भनेर देखाउँदै न र? संक्षिप्तमा भन्ने हो भने त्यसले परमेश्वरका प्रतिज्ञाहरूमाथि हामी भरोसा राख्न सक्छौं भनेर त्यसले कसरी देखाउँछ?

## ३. अब्रामसँग गरिएको सम्झौता

"र जसले तिमीलाई आशिष दिन्छ त्यसलाई मैले आशिष दिनेछु, र जसले तिमीलाई श्राप्छ म त्यसलाई श्राप दिनेछुः र तिमीबाट नै यस पृथ्वीका सारा परिवारहरूले आशिष पाउनेछन्" (उत्पत्ति १२:३ रूपान्तरित)।

परमेश्वरले विशेष प्रतिज्ञाहरू अब्रामलाई दिनुभएको उत्पत्ति १२:१-३मा पढ्नुहोस्, "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल वा स्रोत हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप्नेहरूलाई म सराप्नेछु। तिमीद्वारा नै पृथ्वीका सबै परिवार वा कुलले आशिष् पाउनेछन्।"

"पृथ्वीका सबै परिवार वा मानिसहरूलाई तिमीबाट आशिष पाउनेछन्" (उत्पत्ति १२:३) भनेर परमेश्वरले अब्रामलाई किटान गरेर दिएका प्रतिज्ञाहरूलाई ध्यान दिएर हेर्नुहोस्। त्यसको अर्थ के हो? अब्रामबाट पृथ्वीका सारा मानव प्राणी वा मानव परिवारले आशिष पाउने भनेको के हो? हेर्नुहोस्, गलाती ३:६-९ "६ अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।" ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।"

येशू मसीहको बारेमा गरिएको अगाडिको प्रतिज्ञालाई अब्राहमसँग गरिएको प्रतिज्ञा कसरी साकार भएको छ? हेर्नुहोस्, गलाती ३:२९ "यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"

अब्रामसँग परमेश्वर प्रकट हुनुभएको लेखा उत्पत्ति १२:१-३ पहिलो थियो। यसमा परमेश्वरले अब्रामलाई आफूसँग नजिक हुन र लामो समयसम्म सम्बन्ध प्रतिज्ञा गर्नुभएको थियो। करारको कुनै भाषा प्रयोग गर्नुभन्दा अघि परमेश्वरले अब्रामसँग बोल्नुभएको थियो। परमेश्वरसँग बाँधिने करारको बारेमा पछिमात्र उल्लेख गरिएका थियो (उत्पत्ति १५:४-२१, उत्पत्ति १७:१-१४)।

परमेश्वरले प्रदान गर्नुभएको आफू र मानिससँग सम्बन्धको बारेमा दिएका वचनहरू त्यस क्षण अत्यन्तै महत्त्वपूर्ण थियो। " म गर्नेछु" भनेर परमेश्वरले उत्पत्ति १२:१-३मा दिनुभएको प्रतिज्ञा अत्यन्तै गहिरो थियो र यसले परमेश्वरले आफ्नो महानतालाई उपलब्ध गराउँदै प्रतिज्ञा दिनुभएको थियो।

परमेश्वरले दिनुभएको प्रतिज्ञाको प्रत्युत्तरमा "निस्केर जाऊ वा आऊ" भन्ने केवल एउटामात्र आदेश थियो जुन् अब्रामको निम्ति विश्वासको जाँच थियो। उनले विश्वासद्वारा (हिब्रू ११:८) त्यस आज्ञालाई पालन गरे। तर उनलाई गरिएका आशिषका प्रतिज्ञाहरू तत्कालै उपलब्ध हुनको निम्ति उनले आज्ञा मानेका थिएनन्। उनले पालन गरेका आदेश परमेश्वरसँग उनको प्रेमाभाव सम्बन्धको प्रत्यत्तरमा थियो। उनी विश्वासद्वारा चलेका थिए। विश्वास वा आस्थाद्वारा परमेश्वरसँगको सम्बन्ध स्थापना होस् भन्ने उहाँको चाहना थियो। अर्को शब्दहरूमा भन्ने हो भने अब्रामले परमेश्वरमाथि पहिले नै विश्वास गरिसकेका थिए, उनले आफ्नो जीवनको भरोसा उहाँमाथि नै राखिसकेका थिए र परमेश्वरका प्रतिज्ञाहरूमा उनको विश्वास पहिला नै जमाइसकेका थिए। यदि ती तत्वहरू उनमा नभएको भए उनी आफ्नो नाताकुटुम्ब र पूर्खौली घर कहिल्यै त्याग्ने थिएनन्। त्यो पनि आफूले थाहा नपाएका, नदेखेका देशमा जानको लागि! उनले पालन गरेका आज्ञाले गर्दा यो देखाएको थियो कि दुवै मानिस र स्वर्गदूतहरूमाथि उनको विश्वास थियो।

त्यसैबेला अब्रामले आस्था वा विश्वास र कामको बीचमा घनिष्ट सम्बन्ध भएको देखाएका थिए। हो, हामी विश्वासद्वारा मुक्ति पाउँछौं र त्यस विश्वासको प्रतिफल नै परमेश्वरका वचनहरू पालन गरेको क्रियाकलापले देखाउँछ। आज्ञा पालन वा परमेश्वरको वचन पालन बिना करारको उपादेयीताको उपभोग गर्न सक्दैन। जब हामी परमेश्वरको वचन सक्रियरूपमा पालन गरेर देखाउँछौं तब परमेश्वरले हाम्रो निम्ति परमेश्वरले के गर्नुभयो भनेर विश्वासद्वारा हामीले स्वीकार गरेका हुन्छौं। हाम्रा असल कामहरू वा परमेश्वरका वचनहरू पालन गर्ने कदमहरूले हाम्रो आस्था र विश्वास परमेश्वरमाथि भएको देखाउँदछ। यस खालको आस्था वा विश्वासले १ यूहन्ना ४:१९मा दिएको नीतिलाई चित्रण गर्दछ "हामीले उहाँलाई (परमेश्वर) प्रेम गर्छौं किनभने उहाँले हामीलाई पहिले प्रेम गर्नुभयो।"

**उत्पत्ति १५:५,६ पढ्नुहोस्। ती पदहरूले सबै करारका प्रतिज्ञाहरूका आधार कसरी देखाउँछन्? यो आशिष किन अरू आशिषहरूमा अत्यन्तै मूल्यवान**

छ? हेर्नुहोस् "५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।"

## ४. मोशासँग बाँधिएको करार

प्रस्थान ६:१-८ पढेर देहायका प्रश्नहरूको जवाफ दिनुहोस्: "१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "म फारोलाई के गर्नेछु, अब तिमीले देख्नेछौ। त्यसले मेरो शक्तिशाली हातको कारणले तिनीहरूलाई जान दिनेछ। मेरो बलियो हातको कारणले तिनीहरूलाई आफ्नो देशबाट त्यसले धपाउनेछ।" २ अनि परमेश्वरले मोशालाई भन्नुभयो, "म परमप्रभु हुँ। ३ अब्राहाम, इसहाक र याकूबकहाँ म सर्वशक्तिमान् परमेश्वरको रूपमा देखा परें, तर "परमप्रभु" भन्ने मेरो नाउँले त तिनीहरूकहाँ प्रकट भइनँ। ४ तिनीहरू प्रवास गरेको देश, अर्थात् कनान देश तिनीहरूलाई दिने मेरो करार मैले तिनीहरूसित बाँधेको छु। ५ यसबाहेक मिश्रीहरूले दासत्वमा राखेका इस्राएलीहरूका कष्टको सुस्केरा मैले सुनेको छु, र मलाई मेरो करारको सम्झना भएको छ। ६ "यसकारण इस्राएलीहरूलाई भन्, 'म परमप्रभु हुँ। म तिमीहरूलाई मिश्रीहरूका बोझामुनिबाट निकाल्नेछु, र तिनीहरूको दासत्वबाट छुटकारा दिनेछु। आफ्नो हात उठाएर तिनीहरूलाई भारी दण्ड दिएर म तिमीहरूको उद्धार गर्नेछु। ७ म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ। ८ अनि म तिमीहरूलाई त्यस देशमा ल्याउनेछु जो अब्राहाम, इसहाक र याकूबलाई दिने मैले शपथ खाएर प्रतिज्ञा गरेको थिएँ। म त्यो तिमीहरूको अधिकारमा दिनेछु। म परमप्रभु हुँ।"

अ. परमेश्वरले कुन करारको बारेमा चर्चा गरिरहनुभएको थियो? हेर्नुहोस्, उत्पत्ति १२:१-३ "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रो कुटुम्ब तथा तिम्रो पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष्

दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।”

**आ. इस्राएलीहरू इजिप्टबाट प्रस्थानले परमेश्वरको तर्फबाट त्यो करार पूरा भएको कसरी देखाउँछ?**

**इ. जलप्रलयभन्दा अघि नोहासँग परमेश्वरले गर्नुभएको प्रतिज्ञा र इस्राएलीहरूलाई उहाँले गर्नुभएको प्रतिज्ञामा के समानता छ?**

इजिप्टबाट निस्किएपछि इस्राएलीहरूले सिनैको पहाडमा करार पाएका थिए। त्यो करारमा तिनीहरूको बन्धनबाट मुक्त गरिने प्रतिज्ञा थियो (प्रस्थान २०:२)। पापको क्षमा र पापको प्रायश्चितको निम्ति पशु बलिप्रथाको प्रावधान पनि त्यस करारमा थियो। अरू सबै परमेश्वरका करारहरू जस्तै त्यो करार पनि अनुग्रहको करार थियो। परमेश्वरको अनुग्रह उहाँका जनहरूमा फैलाइएको थियो।

अब्राहमसँग गरिएको करारको विषयबस्तु इस्राएलीहरूसँग गरिएको करारमा धेरैजसो मूख्य जोड दोहोऱ्याइएको पाइन्छः

क. परमेश्वर र उहाँका जनहरूसँग हुने विशेष सम्बन्ध (उत्पत्ति १७:७ "७ तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु।८ तिमीले प्रवास गरेको यो देश, अर्थात् सारा कनान देश तिमी र तिम्रा भावी सन्तानलाई अनन्त अधिकारको निम्ति दिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु।” यस पदहरूसँग तुलना, प्रस्थान १९:५, "५ याकूबका सन्तानमा जम्मा सत्तरी जना थिए। योसेफचाहिँ अघिबाटै मिश्रमा थिए। ६ योसेफ र तिनका सबै दाजुभाइहरू र त्यस पुस्ताका सबै जना मरे। ७ तर इस्राएलका सन्तान फल्दै-फुल्दै र संख्यामा अति धेरै हुँदैगए, यहाँसम्म कि सारा देश तिनीहरूद्वारा भरियो।"

ख. तिनीहरू महान् राष्ट्र वा जाति हुनेछ (उत्पत्ति १२:२ "२ “म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।" सँग प्रस्थान १९:६ तुलना "तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।”

ग. परमेश्वरले गर्नुभएको करारमा सहभागी हुन उहाँप्रति आज्ञाकारी हुनु जरुरत (उत्पत्ति १७:९-१४ "९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, “तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौँसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौँसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।”, उत्पत्ति २२:१६-१८ "१६ “परमप्रभु भन्नुहुन्छ, ‘मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तिमीले यो काम गरेकोले र तिम्रो छोरो, अर्थात् तिम्रो एउटै छोरालाई पनि मबाट नरोकेकोले म निश्चय नै तिमीलाई आशिष् दिनेछु। १७ तिम्रा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तिम्रा सन्तानले आफ्ना शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। १८ तिम्रै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गऱ्यौ।” सँग तुलना प्रस्थान १९:५ "अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गऱ्यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ।..."

"यो पनि याद गर्नुहोस्, परमेश्वरले पहिले इस्राएलीहरूलाई उद्धार गर्नुहुन्छ अनिमात्र उहाँले तिनीहरूलाई उहाँको व्यवस्था दिनुहुन्छ। यही क्रम सुसमाचारमा पनि जारि छ। येशू ख्रीष्टले हामीलाई हाम्रो पापबाट मुक्ति दिनुहुन्छ अर्थात् उद्धार गर्नुहुन्छ (हेर्नुहोस् यूहन्ना १:२९, १ कोरन्थी १५:३, गलाती १:४), अनि उहाँको व्यवस्थामा हामीमा हुन्छ र त्यसै अनुसार हामी

चल्छौं (गलाती २:२०, रोमी ४:२५, ८:१-३, १ पत्रुस २:२४)।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली १, पृ. ६०२बाट रूपान्तरित।

**प्रस्थान ६:७ पढ्नुहोस्, "म तिमीहरूलाई मेरै प्रजा हुनलाई ग्रहण गर्नेछु, र म तिमीहरूका परमेश्वर हुनेछु। अनि म तिमीहरूका परमप्रभु परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो भन्ने कुरा तिमीहरूले जान्नेछौ।" यस पदको प्रथम् भागमा के छ जसमा परमेश्वरले जनहरूलाई उहाँका जनहरू हुने र उहाँ तिनीहरूको परमेश्वर हुने कुरा उल्लेखित छ? यहाँ कुन गति परमेश्वर र उहाँका जनहरूको बीचमा चलेको देखिन्छ? तिनीहरू परमेश्वरको निम्ति विशेष थोक हुने र उहाँ तिनीहरूको निम्ति केही थोक हुने। परमेश्वरले आफ्ना जनहरूसँग विशेष सम्बन्धमात्र राख्न चाहनुभएको छैन, उहाँका जनहरूबाट पनि उहाँसँग विशेष सम्बन्ध राखिनुपर्ने अपेक्षा उहाँले गर्नुभएको छ। यो खास गरेर आदनप्रदानको मामिला हो। के अहिले पनि त्यही क्रम प्रभुले हामीबाट खोज्नुभएको छैन र? के प्रस्थान ६:७को पहिलो भागमा देखाइएको अनुसार उहाँसँग तपाईंको सम्बन्धले त्यही प्रतिबिम्ब गर्दछ र? वा तपाईंको त्यस खालको विश्वासी हुनुहुन्छ जो सक्रिय त छैन तर तपाईंको नाउँ चर्चको पुस्तकमा लेखिएकोमात्र छ? तपाईंको जवाफले प्रस्थान् ६:७को पहिलो भागसँग मिल्छ भने त्यसको कारण भन्नुहोस्।**

## ५. नयाँ करार (यर्मिया ३१:३१-३३)

**"३१ परमप्रभु भन्नुहुन्छ, "ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।" परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पिता थिएँ।" ३३ परमप्रभु भन्नुहुन्छ, "ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्" (यर्मिया ३१:३१-३३)।**

माथिका पदहरूले पुरानो करार धर्मशास्त्रमा पहिलो पल्ट "नयाँ करार" भन्ने शब्द सम्बोधन गरिएको देखाउँदछ। यो इस्राएलीहरू निर्वासनबाट

फर्किने सन्दर्भमा दिएको थियो। त्यसबेला तिनीहरूले परमेश्वरबाट पाउने आशिषहरूको बारेमा चर्चा गरिएको पाइन्छ।

फेरि हामीले यसमा के पाउँछौं भने परमेश्वरले नै करारको निम्ति पहिलो कदम चाल्नुभएको थियो। उहाँको अनुग्रहद्वारा नै त्यो करार पूरा हुने वाचा उहाँले नै गर्नुभएको थियो।

यहाँ लेखिएको भाषा पनि हेर्नुहोस्। परमेश्वर आफूलाई तिनीहरूको पति भनेर सम्बोधन गरिएको छ। उहाँको व्यवस्था तिनीहरूको हृदयमा लेखिने उल्लेख गरिएको छ। अब्राहमलाई नै बोल्नुभएको करारको वचन जस्तै उहाँ तिनीहरूको परमेश्वर हुनुहुनेछ र तिनीहरू उहाँका जनहरू हुनेछन् भनेर उहाँले जिकिर गर्नुभएको पाइन्छ। यसरी पहिले भनेको जस्तै करार वा परमेश्वर र मानिसको बीचमा भएको सम्झौता कुनै कानुनी मिलापत्रमात्र होइन जुन आजभोलि अदालतमा गरिन्छ। परमेश्वर र उहाँका जनहरूसँग भएको करार त्यो भन्दा अपार छ।

**यर्मिया ३१:३३ प्रस्थान ६:७सँग तुलना गरेर पढ्नुहोस् जसमा इस्राएलसँग गरिएको करारको विस्तृत उल्लेख गरिएको छ। यहाँ पनि के मूख्य तत्व बुनिएको छ? उहाँका जनहरूबाट परमेश्वरले के अपेक्षा गर्नुभएको छ?**

**यर्मिया ३१:३४ पढ्नुहोस् र यूहन्ना १७:३सँग तुलना गर्नुहोस् जसमा लेखिएको छ "३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।" परमेश्वर र मानिसको बीचमा निर्माण हुने सम्बन्धको आधारभूत तत्व के हो?**

यर्मिया ३१:३१-३४मा अनुग्रह र आज्ञापालन तत्वहरू समावेश भएको पाइन्छ। ती तत्व वा नीतिहरू पहिलाका करारहरूमा पनि पाइन्छ। परमेश्वरले तिनीहरूका पापहरू क्षमा गर्नुहुनेछ, तिनीहरूसँगको सम्बन्धमा परमेश्वर पस्रनुहुनेछ र तिनीहरूको जीवनमा उहाँको अनुग्रह छाइदिनुहुनेछ। त्यसको फलस्वरूप मानिसहरू खुशी भएर उहाँका वचनहरू पालन गर्छन्। मानिसहरू औपचारिक पूरा गर्न वा परम्परा मान्न वा धर्मको नाउँमा होइन तर उहाँलाई व्यक्तिगतरूपमा चिनेको र उहाँलाई प्रेम गरेकोले उहाँका वचनहरू शिरोपर गर्दछन्, किनभने तिनीहरूले उहाँको सेवा गर्न चाहन्छन्। यही नै आफ्ना जनहरूसँग परमेश्वरले अपेक्षा गर्नुभएको वा खोज्नुभएको करार सम्बन्धको मूल विषयबस्तुलाई प्रकट गर्दछ।

**हाम्रो हृदयमा परमेश्वरको व्यवस्था लेखिनु भनेको के हो? त्यसको अर्थ हाम्रो जीवनमा परमेश्वरको व्यवस्थाको स्वामित्वलाई ग्रहण गर्ने र त्यसलाई व्यक्तिगत बनाउने र हामीहरूको व्यक्ति हृदयमा त्यसलाई सजाइ राख्ने कि अरू कुनै छ? यदि छ भने के?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. १३२-१३८को "अब्राहरम इन कनान" र *प्रोफेटस एण्ड किङ्गसको* पृ. ५६९-५७१को "द प्रोफेटस अभ गड हेल्पिङ्ग देम।"**

"परमेश्वरको सेवाको निम्ति बोक्ने जुआ उहाँको व्यवस्था अर्थात् दश आज्ञाहरू हुन्। प्रेमको महान् व्यवस्था अदनको बगैंचामा प्रकट गरिएको थियो। परमेश्वरको त्यही व्यवस्था सिनै पहाडमा घोषणा गरिएको थियो र मानिसको हृदयमा कोरिने नयाँ करार पनि त्यही व्यवस्था थियो। परमेश्वरको इच्छा पालन गर्ने मानव कार्यकर्तालाई त्यही व्यवस्था अनुसार चल्न खटाइएको छ। यदि हामीहरूको आफ्नै नियत, चाहना वा चेतना अनुसार चलियौं र जहाँ मनलाग्यो त्यहीँ जाने चालमा हामी हिंड्यौं भने हामी शैतानको पासोमा पर्छौं र उसको स्वभावहरूलाई हामीले बिम्बित गराउने हुन्छौं। त्यसकारण परमेश्वरले हामीलाई उहाँको चाहनामा राख्न चाहनुहुन्छ, जुन उच्च, आदर्श छन् र हामीलाई उत्थान गर्दछ। हामीले सेवाको भावनाको कर्तव्यलाई धैर्यता र बुद्धिमानीसाथ अङ्गालौं भन्ने उहाँको चाहना हो। सेवाको जुआ मानव प्राणीको निम्ति येशू ख्रीष्ट आफैले बोक्नुभएको थियो। उहाँले भन्नुभयो, 'हे मेरो परमेश्वर, तपाईंको इच्छा पालन गर्न म अत्यन्तै खुशी छु। तपाईंको व्यवस्था मेरो हृदयमा छ।' भजन ४०:८ रूपान्तरित। 'म स्वर्गबाट ओर्ले। मेरो आफ्नै इच्छा पालन गर्न होइन तर मलाई पठाउनेको इच्छा पालन गर्न आएँ।' यूहन्ना ६:३८ रूपान्तरित। परमेश्वरप्रतिको प्रेम उहाँको महिमाको जोश र पतित मानव प्राणीको निम्ति येशू यस संसारमा ओर्लनुभयो, दुःखकष्ट पाउनुभयो र मर्नुभयो। यही उद्देश्यले नै उहाँको जिवन परिचालित भएको थियो। यही नीति हामीमा पनि लागु हुनुपर्छ भनेर उहाँ चाहनुहुन्छ।"-एलेन जी ह्वाइट द डिजाएर अभ एजेज, पृ. ३२९,३३०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **के परमेश्वरले नोहा, अब्राम, मोशा र हामीसँग बाँध्नुभएको करार आदमदेखि नै निरन्तरता पाएको हो कि अरू कुनै हो? तुलना गरेर हेर्नुहोस्, उत्पत्त ३:१५, उत्पत्ति २२:१८ र गलाती ३:८,१६।**

आ. **करारमा व्यक्तिगत र सम्बन्ध पक्ष किन महत्त्वपूर्ण छ? अर्को शब्दमा भन्ने हो भने कसैसँग कुनै व्यक्तिगत वा घनिष्ट सम्बन्ध वा अन्तर्क्रिया नराखी कानुनीरूपमा करार बाँधिन सक्छ। त्यस्तो खालको कानुनी प्रक्रिया पूरा गर्ने करार सम्बन्ध परमेश्वरले आफ्ना जनहरूसँग गर्नुभएको छैन र चाहना पनि छैन। किन त? सोच्नुहोस्।**

इ. **वैवाहिक सम्बन्धले करारको वास्तविक तथ्यलाई कसरी बुझाउँछ? यद्यपि परमेश्वर र उहाँका जनहरूसँग करार सम्बन्धलाई वैवाहिक करारको व्याख्याले पूरै प्रष्ट पार्छ भन्ने किन छैन?**

**सारांशः** हामीहरूको प्रथम पूर्खाद्वारा परमेश्वरले सुरुका परिवारसँग राख्न चाहनुभएको सम्बन्ध पापको प्रवेशले छियाछिया पारेको थियो। अहिले परमेश्वरले करारद्वारा त्यही खालको प्रेमिलो सम्बन्ध मानिससँग फेरि राख्न परमेश्वर चाहनुहुन्छ। यो करारमा वैवाहिक सम्बन्धमा जस्तो परमेश्वर र हामीमा पनि एक आपसमा समर्पित सम्बन्धको आवश्यकतालाई देखाउँछ। परमेश्वरले तर्जुमा गर्नुभएको कराररले हामीलाई उद्धार गर्ने र हाम्रा सृष्टिकर्तासँग तालमेल गरेर चल्ने प्रावधान छ। परमेश्वर आफै हामीप्रति उहाँको महान् प्रेमले परिचालित हुनुभएको थियो। करारको प्रथम कदम चाल्नुहुने उहाँ नै हुनुहुन्छ। उहाँका अनुग्रही प्रतिज्ञा र उहाँका अनुग्रहले भरिएको कामहरूद्वारा उहाँसँग हामी एक हुन उहाँले बोलाइरहनुभएको छ।

## कथा २

## कारबाट बन्दुक पड्कन्दै

### चनेल स्पुनर, ३१, ट्रीनिडाड र टोबागो

**चनेल पोर्ट अभ** स्पेन राजधानी ट्रिनिडाड र टोबागोमा शिक्षक तालिम लिइरहेकी थिइन्। उनी ३१ वर्षकी थिइन्। एक दिन शिक्षक तालिमको सिलसिलामा बाहिर ठूलो राट-टाट-टाट आवाज आएको उनले सुनिन्। त्यहाँ सिमि-अटोमाटिक बन्दुकले कसैलाई हान्दै थियो।

शिक्षकहरू हतपत जन्याक जुरुक उठेर तेस्रो तलाको झ्यालबाट हेरे। बाहिर सडकमा एक जना मानिस एउटा सेतो कारबाट भाग्दै थियो। कारबाट बन्दुक हान्दै थियो। केही शिक्षकहरू डरले भयभित हुँदै चिच्याए र सबै जना भुईंमा घोप्टो परे। त्यो कार स्कूल भएर जान्दै थियो। दुई मिनेटको लामो समयसम्म तिनीहरू पर्खे। आखिरमा बन्दुक पड्केको आवाज साम्य भयो। डरले भयभित भएका स्कूलका केटाकेटीहरू चिच्याउँदै गरेको उनले देखिन्। उनी रोइन्। सात महिनाको दौरानमा यो दोस्रो पल्ट बन्दुक पड्केको उनले सुनेकी थिइन्।

डरले थुर थुर कामीरहेका विद्यार्थीहरूलाई सान्त्वना दिन शिक्षकहरू तल गए। त्यसबेला शिक्षक तालिममा सहयोग गर्ने चनेल स्कूलबाट बाहिर निस्किन्। बाहिर पुलिसहरू थिए। ड्राइभरहरूलाई पार्क गरिरहेका कारहरूलाई हटाउन पुलिसले अनुरोध गरे। चनेल पनि आफ्नो कार लिन आफ्नो कारतिर जाँदै थिइन्। तर पुलिसले उनलाई रोक्यो। "के मेरो कार हेर्न सक्छु?" उनले सोधिन्। पुलिस अफिसरले उनलाई उनको कालो कारतिर लगे। त्यो कारमा बन्दुकका गोलीहरूले प्वाल प्वाल पारेको थियो। चनेल स्तब्ध भइन्। त्यो कार उनले दुई वर्ष अघिमात्र किनेकी थिइन्। दुई जना मानिस र एउटा सानो केटो बन्दुकको आवाज सुनेर भुईंमा लोटेका थिए। तर कसैलाई चोटपटक लागेन। भाग्यवस धेरै विद्यार्थीहरू त्यस अपरान्ह घरमा पठाएका थिए ताकि शिक्षकहरूले आफ्नो तालिम कार्यक्रम चलाउन सकियोस्। चेनेलको कार नराम्रोसँग बिग्रिएको थियो किनभने बन्दुधधारीले हिर्काएको मानिस भागेर उनको कारको पछाडि लुकेका थियो। त्यस रात आफ्नो जीवनलाई सुरक्षित गर्नुभएकोले चनेलले परमेश्वरलाई धन्यवाद दिइन्। "प्रभु तपाईंलाई धन्यवाद छ। किनभने तपाईंले मलाई बचाउनुभयो र बन्दुकको नजिक भएका

मानिसहरू सबैलाई तपाईंले सुरक्षित गर्नुभयो। मेरो जीवनमा निरन्तररूपले तपाईंले सुरक्षा दिनुभएकोमा तपाईंलाई धेरै धेरै धन्यवाद छ" उनले प्रार्थना गरिन्।

जब उनले त्यो आक्रमणको बारेमा सोचिन्, तब एक दिन अगाडि कुराकानी भएको उनले सम्झिन्। कारमा तेल भरिरहेको बेलामा तेल राख्ने मानिस र उनको छलफल भएको उनले सम्झिन्। त्यसबेला मानिसहरूले आफ्नो कारलाई परमेश्वरभन्दा अघि नै राखेर त्यसमाथि मोह गरेको त्यस छलफलमा व्यक्त गरिएको थियो। सात महिना अघि राजमार्गमा एउटा कारबाट कसैले बन्दुक हानेको सुनेको कुरा त्यस मानिसलाई भनेकी थिइन्। त्यसबेला नै त्यो बन्दुधधारीको कार उनको कारको बायाँ हिर्काएको थियो र त्यसलाई बिगारेर गएको थियो। त्यस दुर्घट्ना पछि उनको कारभन्दा येशू ख्रीष्ट बढि महत्त्व भएको उनले निर्णय गरेकी थिइन्। "भोलिनै मेरो कार म गुमाउन सक्छु तर जबसम्म ख्रीष्टले मेरो जीवनलाई सुरक्षा गर्नुहुन्छ तबसम्म म उहाँको सेवा गर्दै गर्छु," चेनलले त्यस पेट्रोल पम्पको मानिसलाई भनेकी थिइन्।

भोलिपल्ट नै जुन १२, २०१९मा स्कूलको परिसरमा बन्दुक पढ्केको थियो। स्कूलमा भएको बन्दुकको घट्ना पछि उनका धेरै साथीहरूले त्यस कारलाई बेच भनेर सल्लाह दिए। एक जनाले भन्यो, "यो कारलाई बेच्नुहोस्। यसमा दुष्ट आत्माको उपस्थिति छ।" "हो, हो, यसलाई नराख्नुहोस्" अर्कोले भन्यो। "यस कारमा केही समस्या छ।" तर चेनेलले त्यो कारलाई बेच्ने कुनै कारण देखिन। "कारको समस्या होइन," चनेलले भनिन्। "हाम्रो आँखा भौतिक कुराहरूमा लगाउनुहुँदैन। हाम्रो आँखा परमेश्वरमा राख्नुपर्छ।" परमेश्वर कस्तो भलो हुनुहुन्छ भनेर त्यस कारले देखाउँछ भन्ने कुरामा उनले विश्वास गरेकी थिइन्। "खासै भन्ने हो भने परमेश्वरले हामीलाई सुरक्ष गर्नुहुने मामिलामा हामी विश्वास गर्नुपर्छ। कठिन समयमा विश्वासद्वारा हामीले उहाँको नाउँ लिनुपर्दछ" उनले भनिन्।

**-आन्द्र्यु मेचेस्नी**